# प्रदेश सभा

# उद्योग, पर्यटन तथा वातावरण समिति

# वार्षिक प्रतिवेदन २०७५/०७६




## प्रदेश सभा

## प्रदेश नं. ३

## उद्योग, पर्यटन तथा वातावरण समिति

## हेटौंडा, मकवानपुर

# प्रदेश सभा

# उद्योग पर्यटन तथा वातावरण समिति

# वार्षिक प्रतिवेदन २०७५/०७६

प्रदेश सभा

प्रदेश नं. ३

## उद्योग पर्यटन तथा वातावरण समिति

हटौंडा, मकवानपुर

# उद्योग, पर्यटन तथा वातावरण समितिमा रहनु हुने माननीय सदस्यहरु



**मा. श्री रमा आले मगर**
**सभापति**

## माननीय सदस्यहरु



मा.कल्पना नेपाली



मा.कुसुम कुमार कार्की



मा.कृष्ण प्रसाद भुर्तेल



मा.चेतनाथ सन्जेल



मा.जगत बहादुर सिम्खडा



मा.नरोत्तम बैद्य



मा.निमा लामा



मा.पार्वती सिलवाल



मा.प्रतिमा श्रेष्ठ



मा.बद्री मैनाली



मा. बसुन्धरा हुमागाई



मा.बिराज भक्त श्रेष्ठ



मा.मणिराम फुयाल



मा.राजेन्द्र गुरुङ



मा.राजेश शाक्य



मा.रामलाल महतो



मा.सीता लामा



मा.हिरानाथ खतिवडा

# <u>भूमिका</u>

नेपालको संविधानको धारा १९३ मा प्रदेश सभाको कार्य प्रणालीलाई व्यवस्थित गर्न प्रदेश सभाले नियमावली बमोजिम विभिन्न समितिहरु गठन गर्न सक्ने प्रावधान रहेको र प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ बमोजिम  प्रदेश मामिला समिति, अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, शिक्षा, स्वास्थ्य तथा कृषि समिति र उद्योग, पर्यटन तथा वातावरण समिति गठन भएका छन् । यस प्रदेश सभा अन्तर्गतको विभिन्न समितिहरु मध्ये यो उद्योग, पर्यटन तथा वातावरण समिति एक महत्वपूर्ण समिति हो । यस समितिको कार्यक्षेत्र उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय तोकिएको छ ।

उद्योग, पर्यटन बन तथा वातावरण मन्त्रालय अन्तर्गतका निकायहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र यससँग सम्बन्धित क्रियाकलापहरुको बस्तुस्थितिको स्थलगत भ्रमण, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र विभिन्न कार्यक्रमलाई कसरी प्रभावकारी बनाउने भन्ने सम्बन्धमा र मन्त्रिपरिषदका सदस्यहरुले प्रदेश सरकारको तर्फबाट बैठकमा समय समयमा दिएका आश्वासनहरुलाई पूरा गर्न प्रदेश सरकारद्धारा के कस्ता कदमहरु उठाएका छन् भन्ने विषयमा अध्ययन गरी आफ्नो राय सहितको प्रतिवेदन प्रदेश सभामा पेश गर्ने, समितिले सरकारी निकाय उद्योग, पर्यटन, बन तथा वातावरण बीच कसरी अन्योन्याश्रित सम्बन्ध स्थापित गर्न सकिन्छ भन्ने विषय, प्रचलित ऐन नियम अनुसार काम कारवाही भए नभएको, मन्त्रालयको योजना, कार्यक्रम तथा प्रगति विवरण वारे जानकारी लिएको थियो । वित्तीय तथा भौतिक प्रगतिका समस्याका कारण पहिचान तथा समाधानका उपाय बारे निर्देशन दिने कार्य समेत भएका छन्  ।

राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्र वरिपरी वन्यजन्तुबाट पुऱ्याउने धनजनको क्षति, पर्यटन पूर्वाधारको विस्तार, नदी प्रदुषण लगायतको विषयमा अध्ययन गरी समितिले तयार गरेको प्रतिवेदन माननीय सभामुखको अनुमतिले पेश गरेको छु । यो प्रतिवेदनको कार्यान्वयनबाट प्रदेश सरकारको कार्यसम्पादनमा सघाउ पुग्ने विश्वास लिएको छु ।

अन्त्यमा, समितिको बैठकमा सक्रियताका साथ भाग लिई समितिको कार्य सम्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने समितिका सवै माननीय सदस्यहरुको उच्च प्रशंसा गर्दछु । यस अवधिमा प्रदेश सभाका माननीय सभामुखज्यू र माननीय उपसभामुखज्यूबाट आएका राय सुझाव एवं प्राप्त निर्देशनको लागि आभार प्रकट गर्दछु । यस समितिको आमन्त्रण बमोजिम समितिमा प्रत्यक्ष उपस्थित भएर वा अप्रत्यक्ष रुपमा समेत समितिले मागेको विवरणहरु उपलब्ध गराई सहयोग गर्नु हुने प्रदेश सरकारका सम्बन्धित मन्त्रालय विशेषत: उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय तथा निकायका पदाधिकारी र प्रदेश सभाका सचिव तथा समितिका सचिव लगायतका कर्मचारीहरु, समितिलाई सहयोग पुऱ्याउनु हुने विज्ञहरु र समितिको कामकारवाहीको विषयमा आम नागरिकलाई सुसूचित गर्ने सञ्चार जगतलाई समेत हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । धन्यवाद ।

२०७६।०२।३१

(रमा आले मगर)

सभापति

# विषयसूची


| विषय | पृष्ठ नं |
|---|---|
| **भूमिका** | १ |
| **परिच्छेद - १ पृष्ठभूमि** | |
| १.१ विषय प्रवेश | ४ |
| १.२ प्रदेश सभामा विषयगत समितिको भूमिका | ५ |
| १.३ उद्योग, पर्यटन तथा वातावरण समितिको कार्यक्षेत्र | ५ |
| १.४ समितिको संरचना | ५ |
| १.५ अध्ययनको उदेश्य | ६ |
| १.६ अध्ययन विधि | ६ |
| १.७ अध्ययन क्षेत्र | ६ |
| १.८ अध्ययन सिमा | ७ |
| **परिच्छेद - २ समितिबाट सम्पादित कार्यहरु** | |
| २.१ समितिको उद्योग, पर्यटन, बन तथा वातावरण सम्बन्धी दृष्टिकोण | ८ |
| २.२ समितिले हालसम्म गरेको काम कारवाहीको संक्षिप्त विवरण | ८ |
| २.३ दिगो विकास लक्ष्य | १२ |
| २.४ समितिको निर्णय/निर्देशनहरुको कार्यान्वयनको अवस्था | १२ |
| २.५ अध्ययनको क्रममा देखिएका उद्योग, पर्यटन, बन तथा वातावरण सम्बन्धी चुनौतिहरु | १२ |
| **परिच्छेद - ३ निश्कर्ष र सुझाव** | |
| ३.१ निश्कर्ष र सुझाव | १५ |
| अनुसूची - १ समिति/उपसमितिमा रहनु हुने माननीय सदस्यहरु र समितिको सचिवालयमा कार्यरत कर्मचारीहरुको नामावली | १८ |
| अनुसूची - २ समितिबाट भएका कार्य तथा निर्णयहरु | १९ |
| अनुसूची - ३ प्रदेश सभा नियमावली अनुसार समितिको काम, कर्तब्य र अधिकार | २१ |
| अनुसूची - ४ दिगो विकासका लक्ष्यहरु | २२ |
| अनुसूची - ५ समितिका सदस्यहरुको बैठकमा सहभागिता | २३ |
| अनुसूची - ६ पर्यटन क्षेत्रहरुको डाटा संकलन फाराम | २४ |
| अनुसूची - ७ प्रदेश नम्बर ३ को उद्योग, पर्यटन तथा वातावरण समितिको कार्यविधि २०७५ | २८ |
| सन्दर्भ सामाग्रीहरु : | ३१ |

# परिच्छेद–१
# पृष्ठभूमी

## १.१ विषय प्रवेश

औद्योगिकीकरण, पर्यटन क्षेत्र पहिचान एवं पूर्वाधार विकास, बन व्यवस्थापन तथा वातवरणीय सन्तुलन एक अर्का बीच अन्योन्याश्रित क्षेत्र हुन, जसको विकासले मुलुकको सम्वृद्धि हासिल गर्ने बाटो तय गर्दछ ।

नेपालमा औद्योगिक विकासले अपेक्षाकृत गति लिन नसकिरहेको विद्यमान परिवेशमा विगतको पाठ सिकाई (lesson Learning) बाट पाठ सिक्दै समयानुकूल नीतिगत सुधार सहित रोजगारीका अवसरहरु सिर्जना गर्दै जनताको आयस्तरमा वृद्धि हुने गरी मुलुकको अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान अग्रणी बनाउनु आवश्यक छ ।

पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवन स्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । यसका लागि एकातर्फ विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु छ भने अर्कोतर्फ आवश्यक पूर्वाधार निर्माण र विस्तार गर्नु आवश्यक रहेको छ ।

जनताको आधारभूत आवश्यकता पूरा गर्न, सामाजिक तथा आर्थिक विकास गर्न तथा स्वस्थ वातावरणको प्रवर्द्धन गर्न र राष्ट्रिय बन, चकला बन, संरक्षित बन, साझेदारी बन, सामुदायिक बन, कबुलियती बन र धार्मिक बनको रुपमा व्यवस्थापन गरी बनको विकास, संरक्षण तथा बन पैदावरको सदुपयोग गर्न र निजी बनको संरक्षण र विकासमा सहयोग पुऱ्याउने अहिलेको आवश्यकता हो ।

आर्थिक विकास र वातावरण संरक्षण बीचको अन्योन्याश्रित सम्बन्धबाटै दिगो विकास हुने कुरालाई ध्यानमा राख्दै नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई सुनिश्चित गर्न र प्राकृतिक स्रोतको समुचित उपयोग र व्यवस्थापनबाट वातावरण संरक्षण गर्नु अपरिहार्य भएको छ ।

जनमानसमा उद्योग व्यवसायलाई जीविकोपार्जनको माध्यम बनाउने तर वातावरण संरक्षण मानिसको लागि अपरिहार्य आवश्यकता हो भन्ने कुरा महसूस नहुनु यतिखेरको मूल समस्या हो । विकास र वातावरण बीच समुचित सन्तुलनको अवस्था अनुगमन तथा मूल्यांकन गर्ने ठोस व्यवस्था नहुनु र भविष्यका संभावित जोखिम आंकलन गर्ने संयन्त्रको व्यवस्था गर्न नसक्नु अर्को चुनौतिको रुपमा रहेको छ ।

उपरोक्त अवस्थालाई यस प्रदेश सभा, प्रदेश नं. ३ अन्तर्गत उद्योग, पर्यटन तथा वातावरण समितिले सूक्ष्मरुपले अध्ययन गरी आगामी दिनमा प्रदेश सभाले नयां कानून निर्माण, मौजुदा कानूनमा गरिने संशोधन तथा सम(सामयिक चासोलाई सम्बोधन गर्न यो प्रतिवेदन लाभकारी हुने अपेक्षा गरिन्छ ।

## १.२ प्रदेश सभामा विषयगत समितिको भूमिका

प्रदेश सभाको कामकारबाहीलाई चुस्त, दुरुस्त र यसको प्रभावकारिता वृद्धि गर्ने उद्देश्यका साथ संसद भित्रैबाट प्रदेश सभाको अभिन्न अंगको रुपमा स्थापित संयन्त्र नै संसदीय समितिहरु हुन्, जसलाई मिनी संसदको रुपमा समेत परिभाषित गरिएको छ । प्रदेश सभा नियमावली अनुसार यस प्रदेश सभामा प्रदेश मामिला, सार्वजनिक लेखा, अर्थ तथा विकास, उद्योग, पर्यटन तथा वातावरण, शिक्षा, स्वास्थ्य तथा कृषि गरी पाँचवटा समितिहरु गठन भएका छन् । प्रदेश सभाको भूमिकामा वस्तुपरक, यथार्थपरक र निर्णायक बनाई जीवन्त राख्न तथा प्रदेश सभाको कार्यबोझलाई विधेयक बनाउने भूमिकामा प्रतिकूल प्रभाव नपर्ने गरी कार्य गर्ने जिम्मेवारी वहन गर्न यस्ता संसदीय समितिहरु गठन भएका हुन्छन् । यस्ता समितिहरुले कार्यपालिकाबाट सम्पादित हुने सबै कार्यहरुको नियमित अनुगमन गर्ने, अनियमित कार्यको लेखाजोखा गर्ने, छानविन, अध्ययन, अनुसन्धान गरी प्रतिवेदन पेश गर्ने, प्रदेश सरकारले आफ्नो दायित्व पूरा गरेको छ, छैन हेर्ने, प्रदेश सभाबाट पारित नीति तथा कार्यक्रम र बजेटको बीच सामञ्जस्यता छ कि छैन, यसको कार्यान्वयन पक्ष के छ ? र कानून निर्माणको क्रममा प्रदेश सभालाई बढीभन्दा बढी प्रभावकारी बनाउने महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

## १.३ उद्योग, पर्यटन तथा वातावरण समितिको कार्यक्षेत्र

नेपालको संविधानको धारा १९३ बमोजिम यस प्रदेश सभामा पाँच वटा विषयगत समितिहरु रहने प्रावधान बमोजिम प्रदेश सभा नियमावली २०७४ को नियम १४६ को उपनियम (५) बमोजिम उद्योग, पर्यटन तथा वातावरण समिति गठन गरिएको छ । यस समितिको कार्यक्षेत्र उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय रहेको छ । यस समितिमा कार्य सरलीकरण एवं सहजीकरणका लागि ३(तीन) वटा उपसमिति निर्माण गरेको छ । आफ्नो कार्यक्षेत्र भित्र पर्ने मन्त्रालय र निकायसँग सम्बन्धित अध्ययन गरी प्रतिवेदन सभामा पेश गर्ने व्यवस्था गरिएको छ । प्रदेश सभा नियमावलीले तोकेका समितिको काम, कर्तब्य र अधिकार अनुसूची–३ मा दिइएको छ ।

## १.४ समितिको संरचना

प्रत्येक विषयगत समितिमा सभामुखले कार्य व्यवस्था परामर्श समितिको परामर्शमा नियम १४६ बमोजिम प्रत्येक समितिमा बढीमा २२ जना सदस्यहरु मनोनित गर्न सकिने व्यवस्था प्रदेश सभा नियमावली, २०७४ मा रहेको छ । प्रदेश सभाको सचिव प्रत्येक समितिको पदेन सचिव हुनेछ र सचिवले आफू मातहतको अधिकृतलाई समितिको सचिवको कार्य गर्न तोक्न सक्ने व्यवस्था समेत नियमावलीले गरेको छ । हाल उद्योग, पर्यटन, बन तथा वातावरण समितिमा सभापति सहित १९ जना माननीय सदस्यहरु रहनु भएको छ भने समितिलाई प्रशासकीय एवं व्यवस्थापकीय सहयोग गर्न एक समिति सचिवालय रहेको छ । यस सम्बन्धी विस्तृत विवरण अनुसुची १ मा उल्लेख गरिएको छ ।

उद्योग, पर्यटन तथा वातावरण समितिको कार्यक्षेत्र, प्रदेशको समग्र उद्योग, पर्यटन, बन तथा वातावरणसँग सम्बन्धित हुने गर्दछ । तसर्थ प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी बनाउने र आफ्नो कार्य क्षेत्रभित्रका निकायहरुको क्रियाकलापमा पारदर्शिता, जवाफदेहिता तथा सहभागिता कायम गर्नका लागि यसले निम्न लिखित भूमिकाहरु निर्वाह गर्दै आएको छ ।

- प्रदेश सभाले उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित विधेयकहरु दफावारको लागि पठाएकोमा त्यस्ता विधेयक उपर दफावार छलफल गरी समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक सभामा पेश गरी पूर्णता दिने ।
- योजना तर्जुमा तथा बजेट निर्माण जस्ता आर्थिक नीति निर्माणका कार्यलाई जनमुखी बनाउनका निम्ति उपयुक्त सल्लाह तथा सुझाव दिने ।
- पारित नीति तथा कार्यक्रमलाई कार्यान्वयनका लागि मार्ग निर्देशन गर्ने ।
- कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्याहरु समाधान गर्नका लागि आवश्यक सुझाव दिने ।
- स्थानीय स्रोत साधनको परिचालनमा जोड दिन आग्रह गर्ने ।
- आर्थिक क्रियाकलापहरु नियम संगत भए नभएको अध्ययन गरी राय दिने ।
- समितिको कार्यक्षेत्र भित्र रहेका निकायहरुको काम कारबाहीलाई लिएर जनताको गुनासो, सिकायत र सुझावका बारेमा छलफल गरी निर्देशन दिने ।
- समितिको कार्य क्षेत्रको विषयसँग सम्बन्धित रहेर आवश्यकता अनुसार अध्ययन, अवलोकन, अनुसन्धान र छलफल गर्ने ।

## १.५ अध्ययनको उद्देश्य

उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरुको कार्यक्रम तथा योजना सम्बन्धी अनुगमन तथा प्रतिवेदनको जाँच गरी वार्षिक प्रतिवेदन तयार गर्ने निहित कार्यक्रम तथा योजना तथा नयाँ एवं बैकल्पिक कार्यक्रम तथा योजनालाई कसरी प्रभावकारिता दिन सकिन्छ सोको वार्षिक प्रतिवेदन सभामा पेश गर्ने ।

## १.६ अध्ययन विधि

प्रदेश सभा नियमावली २०७४ को नियम १४६ बमोजिम प्रत्येक विषयगत समितिले आफ्नो वार्षिक प्रतिवेदन प्रदेश सभाको बैठकमा पेश गर्नु पर्ने व्यवस्था छ । यो प्रतिवेदन यस समितिको प्रथम प्रतिवेदन भएको व्यहोरा अवगत गराउँदछौं । यस समितिले विषयगत मन्त्रालयहरुको काम कारबाहीलाई लिएर बेलाबखत आवश्यक निर्देशनहरु समेत दिएको छ ।

- मन्त्रालयहरुबाट प्राप्त विवरणहरुको अध्ययन ।
- मन्त्रालय र अन्तर्गतका पदाधिकारीहरुसँग छलफल ।
- प्रदेश सरकारको नीति, योजना, कार्यक्रम तथा प्रचलिन कानूनको अध्ययन ।
- विभिन्न सरोकारवालाहरुसँग अन्तरक्रिया एवं छलफल ।

## १.७ अध्ययनको क्षेत्र

उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय र अन्तर्गतको योजना, कार्यक्रम, कार्यान्वयनको स्थितिको अध्ययन गर्ने ।

## १.८ अध्ययनको सीमा

- उद्योग, पर्यटन बन तथा वातावरण मन्त्रालयको एकल कार्यक्षेत्र र साझा कार्यक्षेत्रबारे स्पष्ट खाका तयार नभएको अवस्था विद्यमान अवस्था ।
- प्रदेश सरकारका मन्त्रालयहरु निश्चित देखिएका तर अन्तर्गत कार्यालयहरु कुन कुन ठाउँमा कतिवटा छन् ? स्पष्ट खाका आइनसकेकोले पूर्ण रुपमा अध्ययन गर्न नसकिएको ।
- कार्यालयहरुमा एक त जनशक्ति कमी त्यसमा पनि कर्मचारीको सरुवा छिटो छिटो हुने गरेकोले काम कारवाही प्रभावित भएको ।
- मन्त्रालय र अन्तर्गत निकायहरुबाट भए गरेका कार्यहरुको अभिलेख व्यवस्था सन्तोषजनक नरहेकोले अपूर्ण अभिलेखको आधारमा अध्ययन गर्नु परेको ।
- योजना कार्यान्वयन शुरुवाती चरणमा नै भएकोले प्रगति विवरणको समीक्षा गर्न कठिनाई भएको ।
- प्रतिवेदन लेखन तथा प्रस्तुत अवधि सिमित भएको हुँदा प्रदेश सरकार मार्फत संचालन भएका सबै योजनाहरुको स्थलगत निरीक्षण गर्न नभ्याइएको ।
- विषयगत कार्यालयहरुको जिल्ला स्थित कार्यालयहरु समयमा नै स्थापना नहुनु र भएका विषयगत कार्यालयहरुमा पर्याप्त जनशक्तिको अभावले गर्दा आ.व. ०७५।०७६ को नीति कार्यक्रममा प्रस्तावित योजनाहरुको वास्तविक अवस्थाको चित्रण गर्न सकिएन ।
- पर्याप्त बजेट अभावका कारण स्थलगत अध्ययन भ्रमण, सेमिनार, प्रतिवेदन लेखन, सरोकारपक्षको धारणा बुझ्ने कार्य, समितिका बैठक सञ्चालनमा समेत कठिन भएको ।

## परिच्छेद २

# समितिबाट सम्पादित भएका कार्यहरु

**२.१ समितिको उद्योग, पर्यटन, बन तथा वातावरण सम्बन्धी दृष्टिकोणः**

राज्यमा औद्योगीकरण गरी रोजगार सृजना तथा आर्थिक स्तरमा वृद्धि गर्ने, प्रचुर सम्भावनायुक्त पर्यटकीय क्षेत्रका पहिचान गर्दै विश्वको प्रमुख गन्तब्यको रुपमा विकास गर्ने । बन क्षेत्रको विस्तार गर्दै आर्थिक उपार्जन गर्ने उपाय तथा वातावरणीय सन्तुलन कायम गर्ने ।

**२.२ समितिले हालसम्म गरेको काम कारवाहीको संक्षिप्त विवरणः**

१. २०७४ साल चैत्र १५ गते समितिको पहिलो बैठक बसेको थियो । समितिमा रहनु भएको माननीयहरुको र माननीय मन्त्रिज्यूको बिचमा परिचयात्मक कार्यक्रम सम्पन्न भयो । परिचयात्मक कार्यक्रम पछि समितिमा रहनु भएको जेष्ठ सदस्य माननीय नरोत्तम बैद्यको अध्यक्षतामा बसेको बैठकबाट उद्योग पर्यटन तथा वातावरण समितिको सभापतिमा माननीय श्री रमा आले मगर निर्विरोध निर्वाचित हुनु भयो । समितिको सभापतिको जिम्मेवारी प्राप्त पश्चात नवनिर्वाचित सभापतिको तर्फबाट सबैलाई धन्यबाद प्रदान भएको थियो ।

२. २०७४ साल चैत्र महिनाको १६ गते नवनिर्वाचित सभापति मा. रमा आले मगरको सभापतित्वमा उद्योग, पर्यटन तथा वातावरण समितिको बैठक बस्यो । सो अवसरमा सभापति लगायत सम्पूर्ण माननीयहरुलाई स्वागत, धन्यवाद ज्ञापन, परिचयात्मक कार्यक्रम तथा समितिको भावी कार्यदिशाको सम्बन्धमा छलफल भई बैठक सम्पन्न भयो ।

३. २०७४ साल चैत्र महिनाको २४ गते मन्त्रालयको आयोजनामा भएको पर्यटन प्रबर्द्धन कार्यक्रम, नेपाल पर्यटन बोर्डमा भएको थियो । सो कार्यक्रममा समितिका सबै माननीयहरुको सहभागिता भएको थियो ।

४. २०७५ साल बैशाख महिनाको १२ गते समितिको बैठक बस्यो । समितिमा रहनु भएको माननीय सांसद स्वर्गीय हरिशरण लामिछाने प्रति श्रद्धान्जली अर्पण गर्नुको साथै वहाँको परिवार प्रति समवेदना प्रकट गर्ने निर्णय गरियो । सरकारसँग वहाँको परिवारको लागि सहयोग माग गर्ने समेत निर्णय गरियो ।

५. २०७५ जेष्ठ ४ गते समितिको बैठक बस्यो । सो बैटकमा विविध विषयमा छलफल भयो ।

६. २०७५ जेष्ठ महिनाको १३ गते समितिको सभापतिहरुको बैठक बस्यो । जसमा समितिले हाल सम्म गरेका कामहरुका रिपोर्टिङ साथै समितिको आगामी कार्ययोजनाको बारेमा र समितिको आगामी रणनीतिहरुको बारेमा छलफल गरी निर्णय गरियो । सो बैठक सभामुखको अध्यक्षतामा बसेको थियो ।

७. २०७५ साल जेष्ठ १३ गते उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयको माननीय मन्त्री अरुण नेपालको समन्वयमा पत्रकारसंग भेटघाट कार्यक्रम सम्पन्न भयो ।

८. २०७५ साल असार १३ गते मध्यबर्ति क्षेत्र व्यबस्थापन समितिका पदाधिकारीहरुसंग छलफल कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रम चितवनको सौराहामा भएको यियो ।

सो कार्यक्रममा दिएको सुझाबहरु निम्नानुसार छन् ।

क. मध्यबर्ति क्षेत्रको बारेमा केन्द्र सरकार र प्रदेश सरकारले बोलेको छैन तर कर भने लैजाने गर्दछ

ख. घाईतेको उपचार पुर्ण रुपमा निशुल्क हुनु पर्दछ ।

ग. दोहोरो तेहोरो कर किन लिएको होला ?

घ. समितिमा महिलाहरुको प्रतिनिधित्व सुनिश्चित हुनु पर्दछ ।

ङ. राप्ति खोलामा गाडि सफा गर्दा खोलामा रहेको गोहीलाई प्रत्यक्ष रुपमा असर परेको छ यो रोकिनु पर्दछ ।

च. आर्मी प्रहरी भर्ना गर्दा बाहिरको गर्ने र संरक्षण गर्न पठाउने तर सम्बन्धित क्षेत्रको समुदायले अबसर नपाउने । यसलाई प्राथमिकतामा राख्नु पर्दछ ।

छ. राष्ट्रिय निकुन्ज गौरब पनि भन्ने , अभिसाप पनि भन्ने बास्तबिकता के हो?

ज. आधा भन्दा बढि आर्मिहरु गाउमा आएर बस्ने गर्दछ ।

झ. जंगली जनावरबाट मृत्यु भएका अभिभाबकको बच्चाहरुका लालन पालन सरकारले गर्नु पर्दछ ।

ञ. राष्ट्रिय निकुन्जको नीति नियमहरु समय अनुसार परिवर्तन गर्नु पर्दछ ।

ट. सरकारले घाईतेहरुलाई दिएको औषधि खर्च पुग्दैन त्यसमा परिवर्तन हुनु पर्दछ ।

९. २०७५ असार २१ गते पर्यटन उपसमितिको बैठक बस्यो । सो बैठकमा भएका निर्णयहरु देहायबमोजिम छन् ।

क. ३ नं प्रदेश भरिका सम्भाबित पर्यटन क्षेत्रहरुको पहिचान गर्ने ।

ख. आ-आफनो जिल्लाको सम्भाबित क्षेत्रहरुको बिवरण माग गर्ने, त्यसको लागि एउटा फाराम बनाउने ।

ग. श्रावण महिना भित्र पर्यटन बोर्डसंग अन्तरकिया कार्यक्रम गर्ने ।

घ. संघको वन तथा वातावरण समितिसंग भेटघाट गर्ने

१०. २०७५ असार २७ गते उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा बैठक बस्यो ।

११. २०७५ श्रावण ११ गते समितिको बैठक बस्यो । सो बैठकमा समितिको आगामी कार्ययोजना तय गर्ने र प्रदेश नं ३ को सबै जिल्लाहरुमा रहेको पर्यटन क्षेत्रहरुको डाटा संकलनको साथै सम्भाबित पर्यटन क्षेत्रहरुको समेत तथ्याङ्क संकलन गर्ने निर्णय गरियो । यसको फर्म पर्यटन उप समितिको संयोजक माननीय कुसुम कुमार कार्कीज्यूलाई जिम्मा दिने र सो फारम संसद सचिवालयको तर्फबाट सबै सांसदहरुलाई इमेल मार्फत र हार्ड कपी एक/एक प्रति पिजन होलमा राख्ने साथै सोको तथ्याङ्क १५ दिन भित्र पठाउनु पर्ने समेत निणर्य गरियो । बिभिन्न क्षेत्रमा कार्यरत पर्यटन व्यवसायीहरुसंग छलफल गर्ने निणर्य समेत गरियो । पर्यटन बोर्डसंग समेत छलफल गर्ने निर्णय गरियो । उक्त फाराम अनुसूची ६ मा समावेश गरिएको छ ।

१२. २०७५ साल श्रावण २० गते Trekking Agencies Association Nepal (TAAN) संग छलफल गरियो । छलफलको कममा निम्न सुझावहरु प्राप्त भएका छन् ।

क. वातावरणको कारणले गर्दा पर्यटकहरु बाहिर निस्किदैनन् ।

ख. शिवपुरी र चाँगुनारायणमा दोहोरो शुल्क लिएको ।

ग. पूर्बाधार बिकास हुनु पर्ने ।

घ. लाईसेन्सवाला गाईडभन्दा पनि लोकल गाईडले गर्दा गाह्रो भएको छ ।

ङ. नबिकरणको काम प्रदेश सरकारले लिनु पर्दछ ।

च. निषेधित पद मार्गहरु खुल्ला गर्नु पर्दछ ।

छ. पर्यटन मार्गहरुको नामाकरण गर्नु पर्दछ ।

ज. गणेश हिमाललाई पद मार्गको लागि खोल्नु पर्दछ ।

झ. पर्यटन बोर्ड र टानको बिचमा समन्वय भएमा प्रचार प्रसार हुनुको साथै रकम खर्च गर्न सजिलो हुन्थ्यो ।

ञ. टानले प्रदेश नं ३ संग समन्वय गरेर काम गर्न चाहन्छ ।

ट. हिमाल चढ्न जानेको साथमा एक जना यूवालाई साथमा लैजानु पर्दछ ।

१४. २०७५ श्रावण २४ गते NMA संग छलफल कार्यक्रम सम्पन्न भयो । सो छलफलमा ल:ब ले हाल सम्म गरेको गतिबिधिको साथै सफलता एवं चुनौतिको बारेमा छलफल भएको थियो ।

१५. २०७५ भाद्र २१ गते नारा (NARA) को कार्यालयमा छलफल कार्यक्रम सम्पन्न भयो । सो छलफल कार्यक्रमले निम्न अनुसारको सुझाव दिएको छ ।

क .नदीको ऐन बनाउनु पर्दछ ।

ख. खोलाको छेउमा खोलेको होटलहरु बन्द गर्नु पर्दछ ।

ग. खोलामा फोहोर फ्याक्ने काम बन्द गर्नु पर्दछ ।

घ. सुरक्षाको व्यबस्था हुनु पर्छ ।

१६. २०७५ भाद्र २९ गते पर्यटन व्यवसाय प्रदेश कानुन र कानुन तर्जुमा बिषयमा छलफल कार्यक्रम सम्पन्न भयो । सो भेलाले निम्न अनुसार सुझाव दिएको छ ।

क. नेपालमा हिमाल आरोहण सम्बन्धी बिद्यालय खोल्नु जरुरी छ । त्यस तर्फ नेपाल सरकारको ध्यान जावस् ।

ख. प्रदेशको नामाकरण नहुँदा पर्यटन बिकासमा असर पार्नुको साथै लोगो बनाउनु अप्ठ्यारो पारेको छ ।

ग. एउटा गाईड बन्न ५ बर्ष लाग्छ तर सरकारको तर्फबाट प्रोत्साहन हुन सकेको छैन ।

घ. व्यवसायले तिर्ने कर एक द्धार प्रणालीमा हुनु पर्दछ ।

ङ. पर्यटन ऐन छिटो भन्दा छिटो बन्नु पर्दछ ।

च. पर्यटन व्यवसायले पर्यटकलाई गाईड गर्दा आचार सहिंतामा ध्यान दिनु पर्दछ ।

१७. २०७५ असोज २ गते समितिको बैठक बसी निम्न छलफलतथा निर्णयहरु गरिएको छ ।

क. फलफूल वर्ष मनाउने सन्दर्भमा फलफूल तथा जडीबुटी पहिचान गरी प्राविधिक सहितको टोलीले मन्त्रालयसँग समन्वय गरी सम्भाव्यता अध्ययन गर्ने ।

ख.जनतासँग प्रयक्ष सम्बन्ध रहने राष्ट्रिय निकुञ्ज/आरक्ष को Buffer Zone अन्तर्गत सामुदायिक बनहरु केन्द्रीय ऐनसँग नबाझिने गरी प्रदेश सरकार मातहत हुनुपर्ने ।

ग.बन्यजन्तुबाट हुने दुर्घटनाबाट हुने क्षति वापत क्षतिपूर्ति तथा उपचार खर्च प्रदेश सरकारको मातहत रहने गरी आकस्मिक कोष निर्माण गर्ने ।

१८. मिति २०७५ मंसीर १२ गते बन मन्त्रालयको कार्ययोजना अध्ययन सम्बन्धमा बैठक बसी देहाय अनुसार छलफल तथा निर्णय गरियो ।

क. प्रदेश नम्बर ३ को उद्योग, पर्यटन तथा वातावरण समितिको कार्यविधि, २०७५ सर्वसम्मतले पास गरियो । उक्त कार्यविधि अनुसूची ७ मा समावेश गरिएको छ ।

ख. मिति २०७५ असोज ७ गते नुवाकोटको बटारमा उद्योग व्यवस्थापन सम्बन्धमा समितिका सदस्य तथा सरोकारबाला बीच भएको छलफल बारे तथ्यांक संकलन गर्ने ।

ग. जिल्ला समन्वय समितिका प्रमुखको अध्यक्षतामा बनेको जनप्रतिनिधिहरुको व्यवस्थापन समिति तथा उद्योग, पर्यटन तथा वातावरण समितिको आयोजनामा मिति २०७५ पौष ५,६,७ गरी तीन दिने पर्यटन सम्भावित क्षेत्रहरुको पहिचान तथा विकास र एकीकृत योजना निर्माण सम्बन्धमा भब्यताका साथ कार्यक्रम सम्पन्न गर्ने । आगमी दिनमा अन्य जिल्लाहरुमा समेत यस्ता कार्यक्रम क्रमश गर्दै जाने ।

घ. उपत्यका डाँडाहरुमा एकीकृत पर्यटन योजना निर्माण गर्न काठमाडौं उपत्यकाबाट प्रतिनिधित्व गर्ने संघ, प्रदेश स्थानीय तहका सम्पूर्ण जनप्रतिनिधिहरु सहित पर्यटन क्षेत्रमा क्रियाशील संघ संस्थाहरु र अन्य वाणिज्य संघ सस्थाका प्रतिनिधिहरु, वन वातावरणसंग सम्बन्धित संघ सस्थाहरुबीच एकीकृत रुपमा छलफल गर्ने,

१९. मिति २०७५ माघ १८ गते बन मन्त्रालयको कार्ययोजना अध्ययन सम्बन्धमा बैठक बसी छलफल गरियो ।

२०. मिति २०७५ चैत्र ४ गते चन्द्रागिरी हिल स्टेशनको अवलोकन भ्रमण र सभामा पेश भएका विधेयक सम्बन्धमा चन्द्रागिरी हिल स्टेशनमा बैठक बसी निम्न छलफल तथा निर्णय गरियो ।

क. चन्द्रागिरी हिल स्टेशन बारे भएको अध्ययन सम्बन्धमा सोको नमूना कार्यको अनुसरण अन्य स्थानमा पनि पर्यटकीय सम्भाव्यताको खोजी गर्ने ।

ख. समिति अन्तर्गतका मन्त्रालयगत प्रगति विवरण र भावी कार्यदिशा सम्बन्धमा २०७५ साल चैत्र २० गते हेटौंडामा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने ।

२१. मिति २०७५ चैत्र २० गते समितिको बैठक बसी निम्न छलफल तथा निर्णय गरियो ।

वन र उद्योग विधेयकको समितिमा हुने दफाबार छलफलमा सम्बन्धित सरोकारवालासँग सघन रुपमा छलफल गर्ने ।

२२. मिति २०७६ वैशाख ४ गते समितिको बैठक बसी निम्न छलफल तथा निर्णय गरियो ।

समितिमा पेश भएको बन र उद्योग विधेयकलाई सरकार र सरोकारवाला दुवै पक्षलाई सर्वस्वीकार्य बनाउन सम्बन्धित सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम गरी छलफलमा विधेयकमा भएका त्रुटी र समस्याहरुको पहिचान गरी उचित राय सल्लाह सुझावहरु सकेसम्म विधेयकमा समावेश गर्ने प्रयत्नका लागि मिति २०७६ वैशाख ८ र ९ गते सरोकारवालाहरुसँग काठमाडौंमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने ।

२३. मिति २०७६ वैशाख ८ र ९ गते काठमाडौंमा सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी राय सल्लाह, सुझाव संकलन गरियो ।

२४. मिति २०७६ वैशाख २३, २४ र २५ गते प्रदेशभित्र औद्योगिक व्यवसाय स्थापना तथा सञ्चालन गर्न बनेको विधेयक र प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक उपर दफावार छलफल गरियो ।

२५. मिति २०७६ जेठ २ गते पनि उद्योग, पर्यटन बन तथा वातावरण मन्त्रालयका मा. मन्त्रीज्यूको उपस्थितिमा बैठक बसी विधेयक सम्बन्धमा छलफल भयो ।

२६. मिति २०७६ जेठ ६ गते प्रदेशभित्र औद्योगिक व्यवसाय स्थापना तथा सञ्चालन गर्न बनेको विधेयक सम्बन्धमा छलफल भयो ।

२७. मिति २०७६ जेठ १२ गते प्रदेशभित्र औद्योगिक व्यवसाय स्थापना तथा सञ्चालन गर्न बनेको विधेयक सम्बन्धमा छलफल सम्पन्न भयो ।

२८. मिति २०७६ जेठ १३ गते राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक उपर दफावार छलफल सम्पन्न गरियो ।

## २.३ दिगो विकास लक्ष्य २०३०

नेपाल सरकारले सन् २०३० सम्म दिगो विकास लक्ष्य प्राप्त गर्ने गरी संयुक्त राष्ट्रसंघमा आफ्नो प्रतिवद्धता जाहेर गरेको छ । अतः दिगो विकासका १७ वटा लक्ष्य, १६९ वटा प्रतिफल, २४४ वटा विश्वव्यापी तथा २४५ वटा राष्ट्रिय परिसूचकहरु पूरा गर्नु पर्नेछ । यसर्थ प्रदेश नं. ३ ले आफ्नो योजनाहरु तर्जुमा गर्दा "दिगो विकास लक्ष्य २०३०" हासिल गर्न सहयोग पुग्ने गरी तर्जुमा गर्नु पर्दछ । दिगो विकासका लक्ष्यहरु अनुसूची–४ मा दिइएको छ ।

## २.४ समितिको निर्णय/निर्देशनहरुको कार्यान्वयनको अवस्था

प्रदेश सरकारको संरचनामा गठन प्रक्रियामा भएको ढिलासुस्ती र आवश्यक जनशक्ति अभावका बाबजुद पनि समितिले महसूस गरेका विषयहरुमा गरेका निर्णयहरु र निर्देशनहरु तथा सुझावहरु सम्बन्धित सरोकारवाला निकायहरुले समयमा नै कार्यान्वयन गरेको पाइन्छ ।

## २.५ अध्ययनको क्रममा देखिएका उद्योग, पर्यटन, बन तथा वातावरण सम्बन्धी चुनौतिहरु

उद्योग, पर्यटन, बन तथा वातावरण एक गहन, विस्तृत र एक आपसमा अन्योन्याश्रित विषय हुन् । विगतमा यी क्षेत्रमा राज्यले लिएको विकासका नीतिहरुले आशातित प्रगति गरेको देखिदैंन । प्रदेश सरकारको यो पहिलो अनुभव भए तापनि विगतमा भएका विकासका

गतिविधिहरुलाई मध्यनजर राख्दा र परिवर्तित अवस्थामा समेत समय सापेक्ष सुधारमा आएको सुस्ततालाई ध्यानमा राखेर समितिले केही विकासका चुनौतिहरुलाई औंल्याईएको छ : -

उद्योग, पर्यटन, बन तथा वातावरण समस्या एवं चुनौति पहिचान गर्न नसकिनु, विगतबाट पाठ नसिक्नु ।

<u>उद्योग तर्फ</u>

- औद्योगिकीकरणमा राजनैतिक अस्थिरता,
- औद्योगिक असुरक्षा,
- असहज श्रम सम्बन्ध,
- उर्जाको न्यून उपलब्धता,
- कमजोर औद्योगिक पूर्वाधार सुविधा,
- जनशक्तिको अभाव,
- प्रविधि ग्रहण गर्ने क्षमताको कमी,
- न्यून उत्पादकत्व,
- निर्यातयोग्य बस्तुहरुको विविधिकरणमा कमी ।

<u>पर्यटन तर्फः</u>

- आवश्यक सूचना प्रवाह गर्न नसक्नु,
- पर्यटकीय क्षेत्र पहिचान गरि पूर्वाधारको एकिकृत एवं समन्वयात्मक विकास र लाभको न्यायोचित वितरण गर्न नसक्नु,
- पर्यटन तालिमका अभाव, पर्यटन सेवालाई आयमा रुपान्तरण गर्न नसक्नु,
- कमजोर आपूर्ति ब्यवस्थापन विदेशी पर्यटकलाई आवश्यक सेवा सुविधा समयमै उपलब्ध गराउन नसक्नु ।

<u>वातावरण तर्फः</u>

- वातावरणीय ह्रासबाट मानव जाति, जीवजन्तु, प्रकृति तथा भौतिक बस्तु माथि हुन सक्ने प्रतिकूल प्रभाव न्यूनीकरण गर्न नसक्नु,
- ह्रासबाट पीडितलाई प्रदुषकबाट कानूनबमोजिम क्षतिपूर्ति उपलब्ध गराउने अवस्था नहुनु,
- विकास र वातावरणबीच समुचित सन्तुलनको अवस्था अनुगमन तथा मुल्यांकन गर्ने ठोस ब्यवस्था नहुनु ।

- गुणस्तरीय र दिगो विकासको अवधारणा बन्न नसक्नु ।

कानूनी व्यवस्थाः

- प्रदेश मन्त्रालयले आवश्यक कानूनको मस्यौदा निर्माणमा विलम्ब ।
- साझा विषयमा संघको कानून निमार्ण ढिलाईले प्रदेश कानून निर्माण गर्न कठिन ।
- भएका कानून पनि प्रदेश विकास मैत्री नहुनु ।

योजना, बजेट

- प्रदेश सरकारका विकास आयोजना र कार्यक्रमलाई प्रक्रियामा लैजाने स्पष्ट मापदण्ड नहुँदा बजेट र कार्यक्रमको बाँडफाँड समन्यायिक हुन नसक्नु ।
- स्थानीय स्रोत र साधनको परिचालनको ठोस नीति नहुनु ।
- समयमै अख्तियारी नजानु ।
- विषयगत निकायमा आवश्यक जनशक्ति अभाव हुनु ।
- संघले केही आयोजना प्रदेश मातहत राखेकोमा फेरि संघमा राखी विनियोजित रकम समेत फिर्ता लैजानु
- पूर्व तयारी विना परियोजनाहरु कार्यान्वयन गरिनु ।

अन्यः

- संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार तथा सरकारका अंगहरु वीच सहकार्य, समन्वय र सहअस्तित्वको भावना अभिवृद्धि हुन नसक्नु ।
- स्थायी राजधानी तथा नामाकरणको टुंगो नलाग्नु ।
- समितिलाई मन्त्रालयगत प्रगति विवरण समयमै उपलब्ध नगराउनु ।
- समिति र सम्बद्ध मन्त्रालयबीच सहकार्य, सहअस्तित्व, समन्वय नभई प्रतिस्पर्धी निकायको रुपमा विकसित हुनु ।
- नविन प्रविधिको प्रयोग नगरिनु
- विषय विज्ञको सेवा ग्रहण नगर्नु ।
- राजनीतिक दलहरु वीच विकासमा समान धारणा नबन्नु ।
- साझा उत्तरदायित्वको भावना नहुनु ।
- मूल्यांकन तथा अनुगमन प्रणाली व्यवस्थित नहुनु

## परिच्छेद ३

## निश्कर्ष र सुझाव

### ३.१ निश्कर्ष र सुझाव

समितिले प्रदेशको समग्र अर्थतन्त्र र आर्थिक क्षेत्रको विकाससँग सम्बन्धित विषयहरुमा पटक-पटक बैठकहरु गरेर गहन छलफल चलाएको छ । उद्योग, बन, पर्यटन तथा वातावरणको विकासले नै प्रदेशको मानवीय विकास, आर्थिक विकास, सामाजिक विकास र राजनीतिक विकासलाई स्थायित्व प्रदान गर्दछ र यो सम्वृद्धिको क्रस कटिङ्ग (cross cutting) विषय पनि हो । विकासका सम्पूर्ण तहमा वितरण तथा योजना तर्जुमादेखि कार्यान्वयनको चरणसम्म सम्बन्धित सरोकारवाला निकायहरु आधार स्तम्भ पनि यसै समितिको कार्य क्षेत्र हो र यसमा विशेष ध्यान दिनु पर्दछ ।

प्रदेश ३ को समग्र विकासको लागि योजना छनौट तथा वितरण प्रक्रिया पारदर्शी र समानुपातिक वितरण प्रणालीका माध्यमबाट गर्नु आवश्यक देखिन्छ । योजना छनौट प्रक्रिया डिमाण्ड लेड एप्रोच (म्झबलम ि भम ब्उउचयबअज० का माध्यमबाट गर्ने परिपाटीको सुरुवात गर्नुपर्दछ । प्रदेश सरकारको भूमिकालाई प्रत्यक्ष देखिने, सुनिने र महसूस हुने गौरवान्वित योजनाहरुलाई प्राथमिकता दिइनु पर्दछ । सरकारका तीनै तह बीचको आपसी समन्वय र सहकार्यबाट मात्र सम्वृद्ध नेपाल निर्माण गर्न सकिने हुँदा संविधान प्रदत्त एकल तथा साझा अधिकारका क्षेत्रहरुलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नु पर्दछ ।

**सुझावहरु**

उद्योग तर्फः

- तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रर्वद्धन गरी बस्तु तथा सेवाको बजार विविधिकरण र विस्तार गर्ने,
- कालोबजारी, एकाधिकार, कृत्रिम अभाव, प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गरेर, अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरेर उपभोक्ता हित संरक्षण गर्ने,
- स्वदेशी लगानीलाई प्राथमिकता र वैदेशिक पूंजी तथा प्रविधि लगानीलाई आकर्षित गर्ने,
- अन्तर प्रदेश तथा प्रदेश र संघबीच समन्वय गरी औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना विदेशी लगानीका परियोजनामा विशेष ध्यान दिई आर्थिक विकास गर्ने ।
- गुणस्तरीय बस्तु तथा सेवा प्रदान गर्ने र सो सेवाबाट क्षति पुगेको ब्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति प्रदान गर्ने ।
- राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र र उन्नतिशिल बनाउने ।
- देशभित्र सञ्चालित औद्योगिक क्षेत्रभित्रका उद्योगहरुको उत्पादन क्षमता पहिचान गरी पूर्ण क्षमतामा सञ्चालन मार्फत उत्पादन र रोजगारी वृद्धि गर्ने क्षेत्रमा लगानी गर्ने ।

पर्यटन तर्फः

- राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रुपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने

- एतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरुको पहिचान, संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसार गर्ने ।
- पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण तथा नीति निर्माण गर्ने ।
- पर्यटन उद्योगको लाभ वितरणमा स्थानिय जनतालाई प्राथमिकता दिने ।
- प्रदेश भित्रका जिल्लाहरु भित्र पर्यटकीय सम्भाब्यता अध्ययन गरी नमूना पर्यटकीय क्षेत्र निर्माण गर्ने र अन्य जिल्लामा क्रमश: विस्तार गर्दै जाने ।

बन तर्फ:

- बन जंगल, पंक्षी, बनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्धन र दिगो उपयोग गर्ने,
- वातावरणीय सन्तुलन कायम राख्न आवश्यक भुभागमा बनजंगल कायम राख्ने ।
- राष्ट्रिय बन, कबुलियती बन, निजी बन, धार्मिक बन, सामुदायिक बन, बैज्ञानिक बन क्षेत्रमा नयां प्रविधि सहित सचेतनामुलक कार्यक्रम अपनाई आर्थिक उपार्जन हुने तर्फ कार्यक्रम संचालन गर्ने ।

वातावरण तर्फ:

- वातावरणीय स्वच्छता चेतना बढाउने,
- औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न जाने जोखिमलाई न्यूनीकरण गर्ने,
- वातावरण, प्रकृति वा जैविक विविधता माथि नकारात्मक प्रभावलाई निर्मूल वा न्यून गर्न पर्यावरणीय दिगो विकासको सिद्धान्त अवलम्बन गर्ने,
- प्रदुषण गर्नेले सो वापत दायित्व ब्यहोर्नु पर्ने ।
- प्राकृतिक प्रकोपबाट जोखिम न्यूनिकरण गर्ने ।
- वातावरणीय स्चच्छता कसरी हांसिल गर्न सकिन्छ सो को गहन अध्ययन गरी स्वदेश तथा विश्व वातावरणीय अनुकुलता कायम गर्ने सन्दर्भमा नविनतम प्रविधिको प्रयोग र परिपालनामा दण्ड र पुरस्कारको पनि ब्यवस्था गर्ने ।

योजना र कार्यक्रम तर्फ:

- उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालयले प्रत्येक जिल्लाको सांसदसँगको छलफल, सरोकारपक्षको आशय तथा सर्वसाधारण पक्षको मागमा आधारित भएको छलफलबाट प्राप्त सुझावलाई समेटेर गुरु योजना ९:बकतभच एबिल० तयार गर्ने ।
- उद्योग, पर्यटन, बन तथा वातावरण बीचको अन्योन्यास्रित सम्बन्ध पहिल्याउने आयोजनाको छनौट गरी विशेष प्राथमिकता दिने, प्रदेशको औचित्य र सान्दर्भिकता पुष्टी हुने गरी रोजगार मूलक कार्यक्रम तथा योजना छनौट गर्ने ।
- योजना तथा कार्यक्रम छनौट गर्ने सम्बन्धमा उद्योग, पर्यटन, बन तथा वातावरण विज्ञहरुको सल्लाह र सुझाव लिने ।
- बजेट बक्तब्यमा विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताका सम्बन्धमा पेश गरेको प्रस्तावमा उल्लेखित विषय वस्तुमा विषयगत मन्त्रालयहरुको पर्याप्त गृहकार्य नदेखिएकोले समेट्नु पर्ने धेरै विषयवस्तु गौण भएको पाइएकोले मन्त्रालयहरुलाई थप गृहकार्य गरेर कार्यक्रम तथा बजेट बनाउन सुझाव दिने ।

- प्रदेशभित्रको भौगोलिक विकटता, स्रोतसाधनको उपलब्धता, जनताको चेतनाको स्तर, उपलब्ध भौतिक पूर्वाधार समेतको सूक्ष्म अध्ययन गरी आवश्यकताको आधारमा उद्योग, पर्यटन, बन तथा वातावरणीय कार्यक्रमहरुको विकास बजेटलाई प्राथमिकतापूर्वक विनियोजन गर्ने ।
- सरकारी तथा गैरसरकारी निकायबाट भित्रिने लगानीलाई प्रदेश सरकारको बजेटमा समावेश गर्ने तथा प्रदेश सरकारको पूर्व स्वीकृति लिएर मात्र कार्यक्रम संचालन गर्न अनुमति दिने ।
- प्रदेश सरकार मार्फत स्थानीय सरकारलाई जाने सबै प्रकारका अनुदानहरुको वितरण तथा कार्यान्वयन पक्षलाई प्रदेश तहको उपस्थिति प्रत्यक्ष रुपमा अनुभूत हुने गरी लागू गर्ने व्यवस्था अवलम्बन गरिनु पर्दछ ।

अन्य:

- संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार तथा सरकारका अंगहरु वीच सहकार्य, समन्वय र सहअस्तित्वको भावना अभिवृद्धि हुने अवस्था सृजना गरी समानान्तर र सहयोगी निकायको रुपमा विकसित गरी जिम्मेवारी र उत्तरदायित्व किटान गरी जवाफदेही बनाउने ।
- स्थायी राजधानी तथा नामाकरणको टुंगो लगाई स्थायी मानसिकताबाट सबै क्रियाकलाप संचालन गर्ने ।
- समितिलाई मन्त्रालयगत अद्यावधिक भएको प्रगति विवरण समयमै उपलब्ध गराई समस्या र सामाधानका उपाय अवगत गराउने ।
- नविन प्रविधिको प्रयोग गर्न सक्ने जनशक्ति विकास र सक्षमता अभिवृदि गर्ने ।
- विषय विज्ञयुक्त विचार भण्डार ९त्जष्लप त्बलप० को क्लस्टर ९ऋगिकतभच० निर्माण गरी समय सापेक्ष अद्यावधिक ९ग्उमबतभ० गरी प्रशासनिक तथा प्राविधिक सेवा लिने सहज वातावरण बनाउने ।
- राजनीतिक दलहरु वीच विकासमा एकिकृत समान धारणा बनाउने वातावरण सृजना गर्ने ।
- साझा उत्तरदायित्वको भावना सर्वत्र बनाउने ।
- मूल्यांकन तथा अनुगमन प्रणाली व्यवस्थित बनाई पाठ सिकाई ९ीभककष्यल िभबचलष्लन० लाई सुधार तर्फ केन्द्रित गर्ने ।

## अनुसूची–१

# समिति/उपसमितिका माननीय सदस्यहरु र कर्मचारीहरुको नामावली

**मा. श्री रमा आले मगर**
**सभापति**
**उद्योग, पर्यटन तथा वातावरण समिति**

### मा.सदस्यहरु

१. मा. श्री श्री कल्पना नेपाली
२. मा. कुसुम कुमार कार्की
३. मा. श्री कृष्ण प्रसाद भुर्तेल
४. मा. श्री चेतनाथ सन्जेल
५. मा. श्री जगत बहादुर सिमखडा
६. मा. श्री नरोत्तम बैद्य
७. मा. श्री निमा लामा
८. मा. श्री पार्वती सिलवाल
९. मा. श्री प्रतिमा श्रेष्ठ
१०. मा. श्री बद्री मैनाली
११. मा. श्री बसुन्धरा हुमागाई
१२. मा. श्री बिराज भक्त श्रेष्ठ
१३. मा. श्री मणिराम फुयाल
१४. मा. श्री राजेन्द्र गुरुङ
१५. मा. श्री राजेश शाक्य
१६. मा. श्री रामलाल महतो
१७. मा. श्री सीता लामा
१८. मा. श्री हिरानाथ खतिवडा

## उपसमितिमा रहनु हुने मा.सदस्यहरु

**क. उद्योग उप समिति**

**१. संयोजक मा. श्री नरोत्तम बैद्य**
२. मा. श्री सीता लामा
३. मा. श्री हिरानाथ खतिवडा
४. मा. श्री मणीराम फुयाल
५. मा. श्री रामलाल महतो
६. मा. श्री चेतनाथ सन्जेल

**ख. पर्यटन उपसमिति**

**१. संयोजक मा. श्री कुसुम कुमार कार्की**
२. मा. प्रतिमा श्रेष्ठ निमा लामा
३. मा. निमा लामा
४. मा. राजेन्द्र गुरुङ
५. मा. जगत बहादुर सिमखडा
६. मा. बसुन्धरा हुमागाई

**ग. वातावरण उपसमिति**

**१. संयोजक मा. श्री कृष्ण प्रसाद भुर्तेल**
२. मा. पार्वती सिलवाल
३. मा. कल्पना नेपाली
४. मा. राजेश शाक्य
५. मा. बिराज भक्त श्रेष्ठ
६. मा. बद्री मैनाली

### समितिमा कार्यरत कर्मचारीहरुको विवरण

१. निर्वतमान समिति सचिव श्री निर्मल राज कणेल, कम्प्युटर अधिकृत (रा.प.तृतीय)
२. समिति सचिव श्री शान्त प्रसाद भुजु , कम्प्युटर अधिकृत (आठौं)
३. सहायक श्री रामशरण विडारी, अधिकृत (छैटौं)

अनसूचि(२

## समितिबाट भएका कार्य तथा निर्णयहरु

| बैठक संख्या | मिति | भए गरेका कार्यहरु र निर्णयहरु |
|---|---|---|
| १. | २०७४।१२।१५ | परिचयात्मक कार्यक्रम पछि समितिमा रहनु भएको जेष्ठ सदस्य माननीय नरोत्तम बैद्यको अध्यक्षतामा बसेको बैठकबाट उद्योग पर्यटन तथा वातावरण समितिको सभापतिमा माननीय श्री रमा आले मगर निर्विरोध निर्वाचित हुनु भयो । |
| २. | २०७४।१२।१६ | नवनिर्वाचित सभापति मा. रमा आले मगरको सभापतित्वमा उद्योग, पर्यटन तथा वातावरण समितिको बैठक बस्यो । सो अवसरमा सभापति लगायत सम्पूर्ण माननीयहरुलाई स्वागत, धन्यवाद ज्ञापन, परिचयात्मक कार्यक्रम तथा समितिको भावी कार्यदिशाको सम्बन्धमा छलफल भई बैठक सम्पन्न भयो । |
| ३. | २०७४।१२।२४ | मन्त्रालयको आयोजनामा भएको पर्यटन प्रबर्द्धन कार्यक्रम, नेपाल पर्यटन बोर्डमा भएको थियो । |
| ४. | २०७५।०१।१२ | समितिमा रहनु भएको माननीय सांसद स्वर्गीय हरिशरण लामिछाने प्रति श्रद्धान्जली अर्पण गर्नुको साथै वहाँको परिवार प्रति समवेदना प्रकट गर्ने निर्णय गरियो । |
| ५. | २०७५।०२।०४ | विविध विषयमा छलफल भयो । |
| ६. | २०७५।०२।१३ | समितिले हाल सम्म गरेका कामहरुका रिपोर्टिङ साथै समितिको आगामी कार्ययोजनाको बारेमा र समितिको आगामी रणनीतिहरुको बारेमा छलफल गरी निर्णय गरियो । सो बैठक सभामुखको अध्यक्षतामा बसेको थियो । |
| ७. | २०७५।०२।१३ | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयको माननीय मन्त्री अरुण नेपालको समन्वयमा पत्रकारसंग भेटघाट कार्यक्रम सम्पन्न भयो । |
| ८. | २०७५।०३।१३ | मध्यबर्ति क्षेत्र व्यबस्थापन समितिका पदाधिकारीहरुसंग छलफल कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रम चितवनको सौराहामा भएको यियो । |
| ९. | २०७५।०३।१३ | पर्यटन उपसमितिको बैठक बस्यो । |
| १०. | २०७५।०३।२७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा बैठक बस्यो । |
| ११. | २०७५।०४।११ | समितिको आगामी कार्ययोजना तय गर्ने र प्रदेश नं ३ को सबै जिल्लाहरुमा रहेको पर्यटन क्षेत्रहरुको डाटा संकलनको साथै सम्भाबित पर्यटन क्षेत्रहरुको समेत तथ्याङ्क संकलन गर्ने निर्णय गरियो । |
| १२. | २०७५।०४।२० | Trekking Agencies Association Nepal (TAAN) संग छलफल गरियो । छलफलको क्रममा विभिन्न सुझावहरु प्राप्त भएका छन् । |
| १३. | २०७५।०४।२४ | NMA संग छलफल कार्यक्रम सम्पन्न भयो । सो छलफलमा NMA ले हाल सम्म गरेको गतिबिधिको साथै सफलता एवं चुनौतिको बारेमा छलफल भएको थियो । |
| १४. | २०७५।०५।११ | नारा (NARA) को कार्यालयमा छलफल कार्यक्रम सम्पन्न भयो । सो छलफल कार्यक्रमले निम्न अनुसारको सुझाव दिएको छ । |
| १५. | २०७५।०५।२९ | पर्यटन व्यवसाय प्रदेश कानुन र कानुन तर्जुमा बिषयमा छलफल कार्यक्रम सम्पन्न भयो । सो भेलाले विभिन्न सुझाव दिएको छ । |
| १६. | २०७५।०६।०२ | समितिको बैठक बसी विभिन्न छलफल तथा निर्णयहरु गरिएको छ । |
| १७. | २०७५।०८।१२ | बन मन्त्रालयको कार्ययोजना अध्ययन सम्बन्धमा बैठक बसी विभिन्न छलफल तथा निर्णय गरियो । |
| १८. | २०७५।१०।१८ | बन मन्त्रालयको कार्ययोजना अध्ययन सम्बन्धमा बैठक बसी छलफल गरियो । |
| १९. | २०७५।१२।०४ | चन्द्रागिरी हिल स्टेशनको अवलोकन भ्रमण र सभामा पेश भएका विधेयक सम्बन्धमा चन्द्रागिरी हिल स्टेशनमा बैठक बसी छलफल तथा निर्णय गरियो । |
| २०. | २०७५।१२।२० | वन र उद्योग विधेयकको समितिमा हुने दफाबार छलफलमा सम्बन्धित |

| | | |
|---|---|---|
| | | सरोकारवालासँग सघन रुपमा छलफल गर्ने निर्णय गरियो । |
| २१. | २०७६।०१।०४ | समितिमा पेश भएको बन र उद्योग विधेयकलाई सरकार र सरोकारवाला दुवै पक्षलाई सर्वस्वीकार्य बनाउन सम्बन्धित सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम गरी छलफलमा विधेयकमा भएका त्रुटी र समस्याहरुको पहिचान गरी उचित राय सल्लाह सुझावहरु सकेसम्म विधेयकमा समावेश गर्ने प्रयत्नका लागि मिति २०७६ वैशाख ८ र ९ गते सरोकारवालाहरुसँग काठमाडौंमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो । |
| २२. | २०७६।०१।०८ र ९ | काठमाडौंमा सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी राय सल्लाह, सुझाव संकलन गरियो । |
| २३. | २०७६।०१।२३, २४ र २५ | प्रदेशभित्र औद्योगिक व्यवसाय स्थापना तथा सञ्चालन गर्न बनेको विधेयक र प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक उपर दफावार छलफल सम्पन्न गरियो । |
| २४. | २०७६।०२।०२ | उद्योग, पर्यटन बन तथा वातावरण मन्त्रालयका मा. मन्त्रीज्यूको उपस्थितिमा बैठक बसी प्रदेशभित्र औद्योगिक व्यवसाय स्थापना तथा सञ्चालन गर्न बनेको विधेयक सम्बन्धमा छलफल सम्पन्न भयो । |
| २५. | २०७६।०२।०६ | प्रदेशभित्र औद्योगिक व्यवसाय स्थापना तथा सञ्चालन गर्न बनेको विधेयक सम्बन्धमा छलफल भयो । |
| २६. | २०७६।०२।१२ | प्रदेशभित्र औद्योगिक व्यवसाय स्थापना तथा सञ्चालन गर्न बनेको विधेयक सम्बन्धमा छलफल सम्पन्न भयो । |
| २७. | २०७६।०२।१३ | प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक उपर दफावार छलफल सम्पन्न गरियो । |

## अनुसूची–३

## प्रदेश सभा नियमावली अनुसार समितिको काम, कर्तब्य र अधिकार

(क) मन्त्रालय, विभाग र अन्तर्गतका निकायहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र यससँग सम्बन्धित क्रियाकलापहरुको मूल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको बार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने ।

(ख) राजस्व र व्ययसँग सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने ।

(ग) मन्त्रिपरिषदका सदस्यहरुले प्रदेश सरकारको तर्फबाट बैठकमा समय समयमा दिएका आश्वासनहरुलाई पूरा गर्न प्रदेश सरकारद्वारा के कस्ता कदमहरु उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने ।

(घ) विषयसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए नभएको अध्ययन, अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने ।

(ङ) प्रदेश सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप भए गरेका काम कारवाही वारे छलफल गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने ।

(च) प्रदेश सरकारद्वारा समय समयमा गठन हुने छानविन वा जाँचबुझ आयोग/समितिहरुद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने ।

(छ) मन्त्रालय, विभाग र अन्य निकायहरुबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्यांकन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने ।

(ज) समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधिनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने ।

(झ) समितिले आफूलाई तोकिएको कार्य सम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा विभागका प्रतिनिधिहरु र आवश्यक परे तत् तत् विषयका विशेषज्ञहरुसँग समेत विचारको आदान प्रदान गर्ने ।

(ञ) आफ्नो कार्यक्षेत्र अन्तर्गतको जिम्मेवारी सुव्यवस्थित ढंगले वहन गर्ने सन्दर्भमा आवश्यक कार्यविधि, कार्ययोजना र कार्यतालिका बनाई लागू गर्न सक्ने ।

(ट) कार्य सम्पादनको सिलसिलामा समितिका सदस्यहरुले सभामुखको स्वीकृति लिई आवश्यक स्थानको भ्रमण गर्न सक्छन् र भ्रमण स्वीकृति माग गर्दा त्यसरी भ्रमण गर्नु पर्ने कारण स्पष्ट खुलाइएको हुनु पर्छ ।

(ठ) समितिले बैठकमा प्रस्तुत गर्नु पर्ने वार्षिक प्रतिवेदनहरु वार्षिक अनुमान पेश गर्नु अगावै र अरु प्रतिवेदनहरु जुनसुकै समयमा प्रस्तुत गर्न सक्छ ।

(ड) प्रदेश सभाले दफावार छलफलको लागि विधेयक पठाएमा दफावार छलफल गरी समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक बैठकमा पेश गर्ने ।

# अनुसूची-४

## दिगो विकासका लक्ष्यहरु

**१) वातावरण**

१. जलवायु परिवर्तन र यसको प्रभावहरुसँग जुध्न तत्काल कार्य अघि बढाउने ।

२. स्थानीय पर्यावरणको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभुमिकरण र भू-क्षय रोक्न तथा जैविक विविधताको संरक्षण गर्ने ।

**२) उद्योग तथा उद्यमशिलता**

१) सहकारी संस्था मार्फत उद्योग सञ्चालन गर्न कानूनी रुपमा सहज वातावरण निर्माण गर्ने ।

२) महिलाद्धारा सञ्चालित सहकारी मार्फत सञ्चालन हुने उद्योगलाई विशेष छुट तथा सुविधाको ब्यबस्था गर्ने ।

३) एक टोल एक उद्यम, एक घर एक रोजगारका लागि लघु उद्यम र साना तथा घरेलु उद्योगलाई विशेष प्रोत्साहन गर्ने ।

४) विदेशमा रोजगारीका लागि गई फर्केका ब्यक्तिहरुद्धारा सामूहिक रुपमा कृषि जन्य उद्योग सञ्चालन गर्न चाहेमा विशेष प्राथमिकता प्रदान गर्ने ।

५) शिक्षित युवाहरुले ब्यक्तिगत वा सामूहिक रुपमा सञ्चालन गर्ने उद्योग ब्यबसायलाई प्रदेश प्राथमिकता प्राप्त उद्योगको रुपमा छुट सविधा उपलब्ध गराउने ।

६) अस्वस्थ प्रतिस्पर्धा हटाई स्वस्थ प्रतिपर्धाको वातावरण सिर्जना गर्ने ।

७) उत्पादित बस्तुको गुणस्तर कायम गर्न गठन भएका विषयगत संघ/संगठनहरुलाई प्रभावकारी ढंगबाट परिचालन गर्ने । साथै प्रदेश स्तरमा विशेष संयन्त्र निर्माण गर्ने ।

८) उद्योगलाई आवश्यक पर्ने सूचना सहज ढंगबाट उपलब्ध गराउन संयन्त्र निर्माण गर्ने ।

९) सम्भावना र आवश्यकताको आधारमा प्रदेशका जिल्ला/स्थानीय तह वा क्षेत्रमा विशेष प्रकृतिका उद्योगको स्थापनामा जोड दिने ।

१०) छरिएर रहेका उद्योगहरुलाई औद्योगिक क्षेत्र/ग्राम निर्माण गरी क्रमश: स्थानान्तरण गर्ने ।

११) उद्योग दर्ता/खारेजीका लागि एकद्धार प्रणाली लागू गर्ने ।

१२) दिगो उपयोग र उत्पादन ढाँचाहरु सुनिश्चित गर्ने ।

**३) पर्यटन :** भएका पर्यटकीय क्षेत्रको समुचित प्रवर्द्धन गर्ने, नयाँ गन्तब्यको खोजी गरी तीनै तहको सरकारको समन्वयमा विशेष योजना निर्माण गर्ने ।

**४) वन :** वन क्षेत्रको संरक्षण गरी वन र वनक्षेत्रबाट प्राप्त हुन सक्ने आम्दानीको लागि नितिगत तथा कानूनी ब्यबस्था गर्ने ।

अनुसूची - ५

समितिका सदस्यहरुको बैठकमा सहभागिता

(क) प्रथम बैठक :- २०७४।१२।१५

(ख) प्रतिवेदन बुझाउने अवधि :- २०७६ जेठ महिना

(ग) कूल बैठक संख्या :- २२

| क.स. | नाम, थर | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मा० श्री रमा आले मगर | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | २२ |
| २ | मा० श्री कल्पना नेपाली | | | | १ | | | १ | | | १ | | १ | १ | १ | १ | | | | १ | | | | ८ |
| ३ | मा० श्री कुशुम कुमार कार्की | | | | १ | | १ | १ | | | १ | १ | | १ | १ | १ | १ | १ | १ | | १ | १ | १ | १४ |
| ४ | मा० श्री कृष्ण प्रसाद भुर्तेल | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | | | १ | | १ | १ | १ | १ | १ | १ | १९ |
| ५ | मा० श्री चेतनाथ सञ्जेल | १ | १ | १ | १ | १ | १ | | १ | १ | १ | १ | १ | १ | १ | १ | | | | १ | १ | | १ | १७ |
| ६ | मा० श्री जगत बहादुर सिंखडा | | | १ | १ | १ | | | | | १ | | | | | १ | १ | १ | | १ | | | | ८ |
| ७ | मा० श्री नरोत्तम बैद्य | १ | १ | १ | १ | | १ | | | | | | १ | | | | १ | १ | | | | | | ८ |
| ८ | मा० श्री निमा लामा | १ | १ | १ | | | १ | १ | | | १ | १ | | १ | १ | | | | | १ | | | | १० |
| ९ | मा० श्री पार्वती सिलवाल | १ | १ | १ | | | १ | १ | १ | १ | १ | १ | १ | | | १ | १ | | १ | १ | १ | १ | १ | १७ |
| १० | मा० श्री प्रतिमा श्रेष्ठ | १ | १ | १ | | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | | | | | १ | १ | १ | १ | १७ |
| ११ | मा० श्री बद्री मैनाली | १ | १ | १ | | | | | | | १ | | १ | १ | | | | १ | १ | | | | | ८ |
| १२ | मा० श्री वसुन्धरा हुमागाई | १ | १ | १ | १ | | | | १ | १ | १ | | | | | | १ | १ | १ | १ | | | | ११ |
| १३ | मा० श्री विराजभक्त श्रेष्ठ | १ | १ | १ | १ | १ | १ | १ | | | १ | १ | | १ | १ | १ | १ | १ | १ | १ | | १ | १ | १८ |
| १४ | मा० श्री मणिराम फुयाल | | | | | | | १ | | | १ | | | | | | | | | १ | १ | | | ४ |
| १५ | मा० श्री राजेन्द्र गुरुङ्ग | १ | १ | | १ | १ | १ | १ | १ | १ | | १ | १ | १ | | | | | | | | | | ११ |
| १६ | मा० श्री राजेश शाक्य | १ | १ | | | | १ | | | | १ | | १ | १ | | | १ | | | | १ | | | ८ |
| १७ | मा० श्री रामलाल महतो | १ | १ | १ | १ | १ | | १ | | १ | १ | | १ | | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १८ |
| १८ | मा० श्री सीता लामा | | | १ | | | १ | १ | १ | १ | १ | | १ | | | | १ | १ | १ | १ | | | | ११ |
| १९ | मा० श्री हिरानाथ खतिवडा | १ | १ | १ | १ | | | | | | १ | १ | | १ | | | | १ | | | | | | ८ |

## अनुसूची - ६

## पर्यटन क्षेत्रहरुको डाटा संकलन फाराम

माननीय सदस्यज्यू
प्रदेस सभा, प्रदेश नं ३

विषय : प्रदेश नं ३ भित्र रहेका पर्यटकीय क्षेत्र तथा आगामी दिनमा पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावित पर्यटकीय क्षेत्रहरुको विवरण उपलब्ध गराई दिने बारे ।

२०७५ असार १८ गते उद्योग, पर्यटन तथा वातावरण समितिका सभापति श्री रमा आले मगरको सभापतित्वमा सम्पन्न उद्योग, पर्यटन तथा वातावरण समितिको बैठकले प्रदेश नं ३ भित्र रहेका पर्यटकीय क्षेत्र तथा आगामी दिनमा पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावित पर्यटकीय क्षेत्रहरुको अध्ययन, अवलोकन भ्रमण तथा पर्यटन क्षेत्रमा क्रियाशिल संघ संस्था, सम्बन्धित पक्ष र जनप्रतिनिधीहरुसंग छलफलको लागि तल उल्लेख भए बमोजिम कार्यतालिका तय गरेकोले प्रदेस सभाका माननीय सदस्यहरुले प्रतिनिधित्व गर्ने क्षेत्रमा रहेका पर्यटकीय क्षेत्र तथा आगामी दिनमा पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावित पर्यटकीय क्षेत्रहरुको विवरण २०७५ भाद्र १० गते सम्म उपलब्ध गराई दिन संसद सचिवालय मार्फत अनुरोध गर्ने भन्ने निर्णय भएकोले आफुले प्रतिनिधित्व गर्ने क्षेत्रमा रहेका उल्लेख भए बमोजिमका पर्यटकीय क्षेत्रहरुको विवरण तथा आवश्यक सुझाव उपलब्ध गराई दिन हुन अनुरोध छ । आगामी दिनमा प्राप्त भएका उल्लेखित पर्यटकीय क्षेत्रहरुको विवरण समेटेर किताव प्रकाशन गरिने साथै सम्भव भए सम्म डकुमेण्ट्री निर्माण गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

**भाद्र :**

काठमाण्डौ, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक

**असोज :**

रसुवा, नुवाकोट, धादिङ्ग

**कार्तिक :**

दोलखा,रामेछाप,सिन्धुपाल्चोक

**मंसिर :**

सिन्धुली, मकवानपुर, चितवन

**व्यावसायिक पर्यटन :** हाट, व्यापार-मेला, सांस्कृतिक महोत्सव, राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ संगठनका विभिन्न तहका कार्यालयको स्थापना, बैठक, भेला, सभासम्मेलन गर्न सकिने स्थानहरु ।

**हाल भएका पर्यटकीय स्थलहरु :**

१) ..................................................................................................................................

..................................................................................................................................

२)..................................................................................................................................

..................................................................................................................................

**पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावित पर्यटकीय स्थलहरु :**

१)..................................................................................................................................

..................................................................................................................................

२)..................................................................................................................................

**पदयात्रा तथा पर्वतारोहण पर्यटन :**

**हाल भएका पर्यटकीय स्थलहरु :**

नाम ..................................................................................................................

विवरण :...............................................................................................................

नाम ..................................................................................................................

विवरण :...............................................................................................................

**पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावित पर्यटकीय स्थलहरु :**

नाम ......................................................................................................................................

विवरण :..................................................................................................................................

नाम ......................................................................................................................................

विवरण :..................................................................................................................................

अन्य : ........................................................................................................................................

..............................................................................................................................................

<u>**साहसिक पर्यटन :**</u> स्थल, वायु र हिमालमा गरिने मनोरञ्जनपूर्ण साहसिक खेलहरु (Bungee jumping , Sky diving, Paragliding, Skiing, Zip flyer )

**हाल भएका पर्यटकीय स्थलहरु :**

नाम ......................................................................................................................................

विवरण :..................................................................................................................................

**पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावित पर्यटकीय स्थलहरु :**

नाम ......................................................................................................................................

विवरण :..................................................................................................................................

अन्य : ..................................................................................................................................

..............................................................................................................................................

<u>**जलयात्रा पर्यटन :**</u> Rafting, Boating, Canoeing

**हाल भएका पर्यटकीय स्थलहरु :**

नाम ......................................................................................................................................

विवरण :..................................................................................................................................

नाम ......................................................................................................................................

विवरण :..................................................................................................................................

**पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावित पर्यटकीय स्थलहरु :**

नाम ......................................................................................................................................

विवरण :..................................................................................................................................

नाम ......................................................................................................................................

विवरण :..................................................................................................................................

अन्य : ........................................................................................................................................

..............................................................................................................................................

<u>**साँस्कृतिक पर्यटन :**</u> (विभिन्न जातजाति तथा क्षेत्रहरूका मौलिक कला, संस्कृति)

**हाल भएका पर्यटकीय स्थलहरु :**

नाम ........................................................ स्थान ..................................................................

विवरण :..................................................................................................................................

नाम ........................................................ स्थान ..................................................................

विवरण :..................................................................................................................................

नाम ........................................................ स्थान ..................................................................

विवरण :..................................................................................................................................

**पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावित पर्यटकीय स्थलहरु :**

नाम ........................................................ स्थान ..................................................................

विवरण :..................................................................................................................................

अन्य : ………………………………………………………………………………………………………
…………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………

**धार्मिक तथा ऐतिहासिक पर्यटन :** (महत्वपूर्ण धार्मिक तथा ऐतिहासिक स्थलहरु)

**हाल भएका पर्यटकीय स्थलहरु :**

नाम ……………………………………………… स्थान …………………………………………………………

विवरण :……………………………………………………………………………………………………

नाम ……………………………………………… स्थान …………………………………………………………

विवरण :……………………………………………………………………………………………………

**पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावित पर्यटकीय स्थलहरु :**

नाम ……………………………………………… स्थान ………………………………………………………

विवरण :……………………………………………………………………………………………………

नाम ……………………………………………… स्थान ………………………………………………………

अन्य : ………………………………………………………………………………………………………
…………………………………………………………………………………………………………………..
……………………………………………………………………………………………………………………

**खेलकूद पर्यटन :**

**हाल भएका पर्यटकीय स्थलहरु :**

नाम ……………………………………………… स्थान ……………………………………………………………

विवरण :……………………………………………………………………………………………………………

**पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावित पर्यटकीय स्थलहरु :**

नाम ……………………………………………… स्थान ……………………………………………………………

विवरण :……………………………………………………………………………………………………

अन्य : ………………………………………………………………………………………………………
…………………………………………………………………………………………………………………..
…………………………………………………………………………………………………………………..

**पर्या-पर्यटन** (राष्ट्रिय निकुञ्ज लगायत पर्यावरणीय दृष्टिकोणबाट महत्वपूर्ण स्थलहरु)

**हाल भएका पर्यटकीय स्थलहरु :**

नाम ……………………………………………… स्थान ……………………………………………………………

विवरण :…………………………………………………………………………………………………………
…………………………………………………………………………………………………………………..
……………………………………………………………………………………………………………

**पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावित पर्यटकीय स्थलहरु :**

नाम ……………………………………………… स्थान ……………………………………………………………

विवरण :…………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………

**दृष्यावलोकन पर्यटन** ……………………………………………………………………………………

**हाल भएका पर्यटकीय स्थलहरु :**

नाम ........................................................ स्थान ..............................................................
विवरण :...........................................................................................................................
नाम ........................................................ स्थान ..............................................................
विवरण :...........................................................................................................................

**पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावित पर्यटकीय स्थलहरु :**

नाम ........................................................ स्थान ..............................................................
विवरण :...........................................................................................................................
नाम ........................................................ स्थान ..............................................................
अन्य : ..........................................................................................................................
.......................................................................................................................................
...................................................................................................................................

**विशेष पर्यटकीय क्षेत्रको विवरण :** (राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति प्राप्त पर्यटकीय स्थलहरु)

....................................................................................................................................
..................................................................................................................................
..................................................................................................................................

**Tourism Hub, Tourism Village, Tourism City निर्माण गर्न सकिने स्थलहरु र आवश्यक विवरण :**

१)...................................................................................................................................
.........................................................................................................................
२)..................................................................................................................................
.......................................................................................................................................
....

**माथि उल्लेख भएका पर्यटकीय क्षेत्रका विद्यमान समस्या र विकासका लागि गर्नु पर्ने कार्यहरु :**

.......................................................................................................................................
.......................................................................................................................................
.......................................................................................................................................
......
.......................................................................................................................................
.......................................................................................................................................
.......................................................................................................................................
.......................................................................................................................................
........

**पर्यटन क्षेत्रले भोगेका समस्याहरु र पर्यटनको विकासको लागि ध्यान पुर्‍याउनु पर्ने पक्ष सम्बन्धमा विशेष सुझावहरु :**

.......................................................................................................................................
.......................................................................................................................................
.......................................................................................................................................
.......................................................................................................................................
.......................................................................................................................................
.......................................................................................................................................
.......................................................................................................................................
.......................................................................................................................................
................

.......................................................................................................................................................................
.......................................................................................................................................................................
.......................................................................................................................................................................
......
.......................................................................................................................................................................
..

नाम : ......................................................................

प्रतिनिधित्व गर्ने प्रदेश क्षेत्र : ............................................

द्रष्टव्य : प्रेषित फारम भरेर Email मार्फत वा फारम Download गरेर हस्त लिखित रुपमा समेत बुझाउन सकिने छ ।

# अनुसूची - ७

## प्रदेश नम्बर ३ को उद्योग, पर्यटन तथा वातावरण समितिको कार्यविधि २०७५

प्रस्तावना :
प्रदेश नम्बर ३ को प्रदेश सभा नियमावली,२०७४ को दफा १५१ को २ ले दिएको अधिकार प्रयोग गरी उद्योग, पर्यटन तथा वातावरण समितिको कामलाई प्रभावकारी र व्यबस्थित ढंगबाट अगाडी बढाउन तथा समितिमा रहेका सदस्यहरुको कार्यक्षमतामा समेत अभिबृद्धि गर्ने उद्देश्यले समितिको बैठकले यो कार्यविधि बनाएकोछ ।

**परिच्छेद-१**
**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधिको नाम "प्रदेश नम्बर तीन, उद्योग,पर्यटन तथा वातावरण समितिको कार्यविधि २०७५ रहेकोछ ।

(ख) यो कार्यविधि तरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधीमा :

(क) "प्रदेश सभा" भन्नाले प्रदेश नं ३ को प्रदेश सभा सम्झनु पर्दछ ।

(ख) "प्रदेश सरकार" भन्नाले ३ नं प्रदेश सरकार भन्ने सम्झनु पर्दछ ।

(ग) "सभामुख भन्नाले" ३ नं प्रदेशको सभामुख भन्ने सम्झनु पर्दछ ।

(घ) "मन्त्री" भन्नाले ३ नं प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री भन्ने सम्झनु पर्दछ ।

(ङ) "सभापति" भन्नाले उद्योग, पर्यटन तथा वातावरण समितिका सभापति भन्ने सम्झनु पर्दछ ।

(च) "प्रदेश सभा सदस्य" भन्नाले ३ नं प्रदेश सभाका सदस्य भन्ने सम्झनु पर्दछ ।

(छ) "सदस्य" भन्नाले उद्योग,पर्यटन तथा वातावरण समिति र उपसमितिका सदस्य भन्ने सम्झनु पर्दछ ।

(ज) मन्त्रालय भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय भन्ने सम्झनु पर्दछ ।

(झ) "बैठक" भन्नाले उद्योग,पर्यटन तथा वातावरण समिति तथा गठित उप-समितिको बैठक भन्ने सम्झनु पर्दछ ।

(ञ) "उप-समिति" भन्नाले आफ्नो कामलाई ब्यबस्थित ढंगबाट सञ्चालन गर्न उद्योग, पर्यटन तथा वातावरण समितिको बैठकबाट निश्चित क्षेत्रको जिम्मेवारी बहन गर्ने गरी गठन गरिएको उप-समिति भन्ने सम्झनु पर्दछ ।

(ट) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले प्रदेश सभाले वा उद्योग, पर्यटन तथा वातावरण समितिले तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनु पर्दछ ।

(ठ) "सचिब" भन्नाले समिति तथा उप-समितिको सचिब भै काम गर्न जिम्मेवारी प्राप्त ब्यक्ति सम्झनु पर्दछ ।

(ड) "स्थानीय तह" भन्नाले प्रदेश नं ३ भित्र रहेका जिल्ला समन्वय समिति, महानगर पालिका उपमहानगर पालिका , नगर पालिका र गाउँ पालिका भन्ने सम्झनु पर्दछ ।

## परिच्छेद -२
## समितिको काम कर्तब्य तथा अधिकार

१) प्रदेश सभा नियमावलीको दफा १५१ ले प्रदान गरेको अधिकार प्रयोग गर्ने ।

२) नियमित रुपमा बैठक बसी कार्ययोजना निर्माण गर्नुका साथै भएका कामका सन्दर्भमा समिक्षा गर्ने ।

३) आवश्यक मात्रामा उप-समितिहरुको गठन गरी सदस्यहरुको जिम्मेवारी तोक्ने ।

४) सदस्यहरु परिचालनको योजना बनाउने ।

५) उप-समितिहरुबाट प्राप्त प्रतिवेदन, राय र योजनामा छलफल गरी निर्णय दिने ।

६) उप-समितिहरुबाट प्रस्तुत भएका कार्ययोजनामा आवश्यक पर्ने बजेटको निर्णय गरी प्रदेश सरकारसंग माग गर्ने ।

## परिच्छेद -३
## सभापति तथा सदस्यहरुको काम कर्तब्य तथा अधिकार

**क) समितिको सभापतिको काम कर्तब्य तथा अधिकार :**

१) समितिको बैठकको अध्यक्षता गर्ने ।

२) प्रदेश सभा नियमावलीले प्रदान गरेको अधिकार प्रयोग गर्ने ।

३) निर्णय भएका विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण तथा कार्यान्वयन गराउने ।

४) समितिको तर्फबाट अन्य निकायसंग हुने काम कार्वाहीमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने ।

५) समितिलाई नेतृत्व प्रदान गर्ने ।

६) प्रचलित ऐन नियम बमोजिम तोकिएका कार्यहरु गर्ने ।

**ख) सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

१) समिति तथा उप-समितिको बैठकमा सहभागिता जनाउने ।

२) समिति तथा उप-समितिको आयोजनामा वा अन्य संघ संस्थासंगको सहकार्यमा गरिने कार्यक्रममा सहभागि हुने ।

३) आफुलाई प्रदान गरिएको जिम्मेवारी रचनात्मक तथा सृजनात्मक तरिकाबाट निर्वाह गर्ने ।

३) समिति, उप-समिति, सभापति तथा उपसमिति संयोजकले तोकेको अन्य कार्य गर्ने ।

४) समिति, उप-समितिको काम प्रभावकारी रुपमा सम्पन्न गर्न दत्तचित्त भई काम गर्ने ।

५) समिति, उप-समितिले गर्नु पर्ने कामको सन्दर्भमा योजना बनाई समिति तथा उप-समितिको बैठकमा पेश गर्ने ।

## परिच्छेद -४
## उप-समिति गठन, काम कर्तब्य र अधिकार

**उप-समिति गठन :**

समितिले आफ्नो अधिकार क्षेत्रभित्र रहेको कामलाई ब्यबस्थित र छिटो छरितो ढंगबाट सञ्चालन गर्न फरक फरक क्षेत्रमा काम गर्ने गरी उप-समिति गठन गरी सदस्यहरुलाई जिम्मेवारी प्रदान गर्न सक्नेछ । यसरी उपसमिति गठन गर्दा एक संयोजक र एक सह-संयोजकको ब्यबस्था गर्नु पर्नेछ । उप-समितिका संयोजक र सह-संयोजक मध्ये एक महिला हुनु पर्नेछ । उप-समितिमा महिला नभएमा पुरुष राख्न बाधा हुनेछैन ।

**उप-समितिको काम कर्तब्य र अधिकार :**

१) सम्बन्धित मन्त्रालय र निकायसंग सम्बन्धित प्रत्यायोजित ब्यबस्थापन सम्बन्धी र विधेयक माथि दफावार छलफलको लागि समितिलाई सहयोग गर्ने ।

२) सम्बन्धित क्षेत्रमा क्रियाशिल निजि क्षेत्रसंग सम्बन्धित संघ/संस्थासंग छलफलको आयोजना गरी आवश्यक राय सुझाव संकलन गर्ने ।

३) वार्षिक कार्ययोजना निर्माण गरी सदस्यहरुलाई परिचालन गर्ने ।

४) वार्षिक योजना तथा विशेष कार्यक्रमको लागि आवश्यक बजेटको खाका तयार गरी समितिमा पेश गर्ने ।

५) उप-समितिको बैठकले कामको प्रकृति र छिटो छरितो काम सम्पन्न गर्न उप-समितिका सदस्यहरुलाई कामको बाँडफाँड गर्न सक्नेछ ।

६) सम्बन्धित क्षेत्रको विकासको लागि उचित परियोजना तयार गरी बजेटको ब्यबस्था गर्न समिति मार्फत सरकारको ध्यानाकर्षण गराउने ।

७) उप-समितिले गरेका काम र संकलन गरेका तथ्य, तथ्यांक र विवरणको आवश्यकता अनुसार विभिन्न माध्यमद्धारा सार्वजनिक गर्ने ।

**उप-समितिको बैठक :**

१) आवश्यकता अनुसार उपसमितिको बैठक बस्न सक्नेछ ।

२) उपसमितिको बैठक उपसमितिको संयोजकले बोलाउनेछ ।

३) उप-समितिको बैठकमा समितिका सभापतिलाई अनिवार्य रुपमा बोलाउनु पर्नेछ ।

४) कामको प्रकृति र आवश्यकताको आधारमा उप-समितिको बैठक उप-समितिले तोकेको स्थानमा बस्न सक्नेछ ।

५) आवश्यकता अनुसार विज्ञ, विशेषज्ञ वा सम्बन्धित विषयका जानकार ब्यक्तिलाई उप-समितिको बैठकमा बोलाउन सकिनेछ ।

## परिच्छेद -५

## विविध

१) उप-समितिमा राखिएका सदस्यहरुको माग र कामको अनुभवको आधारमा एक पटकको लागि सभापतिले जिम्मेवारी हेरफेर गर्न सक्नेछ ।

२) समिति, उप-समितिमा रहेर जिम्मेवारी पुरा नगर्ने सदस्यहरुको कामको मुल्याँकन गर्दै सभापतिले सम्बन्धित सदस्यलाई ध्यानाकर्षण गराउन सक्नेछ ।

३) उप-समितिका काम कार्वाहीमा सहयोग पुऱ्याउन र प्राप्त जिम्मेवारी पुरा गर्नु सदस्यहरुको दायित्व हुनेछ ।

४) सम्बन्धित मन्त्रालय, निकायका काम, गतिविधी सम्बन्धमा सम्बन्धित विषयका उप-समितिले गरेका काम कार्वाही को विवरण समितिको बैठकमा प्रस्तुत गर्नु पर्नेछ ।

५) समिति तथा उप-समितिले गरेका काम कार्वाही सम्बन्धमा सञ्चार माध्यम लगायतमा जानकारी गराउन समितिको बैठकले प्रबक्ता तोक्न सक्नेछ ।

६) समिति, उपसमितिले आवश्यकता महशुष गरेमा परामर्शदाताको सहायता लिन सक्नेछ ।

**<u>सन्दर्भ सामाग्रीहरु :</u>**

१. नेपालको संविधान २०७२

२. प्रदेश सभा नियमावली २०७४

३. समितिमा प्रस्तुत सम्बन्धित निकायका अवधारणाहरु

४. पत्र-पत्रिकामा प्रकाशित लेख/रचनाहरु

५. दिगो विकास लक्ष्य, वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०

६. प्रदेश नं. ३ को नीति, योजना तथा कार्यक्रम

७. अर्धवार्षिक, चौमासिक प्रगति विवरण